तानसेन नगरपालिकाका नगर प्रमुख श्री सन्तोषलाल श्रेष्ठज्यूबाट

१९ औं नगरसभामा प्रस्तुत

# तानसेन नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

(२०८३ साल असार ६ गते)

तानसेन नगरपालिका, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

**यस गरिमामय नगरसभाका सदस्यज्यूहरु,**

तानसेन नगरपालिकाको प्रमुखको रुपमा १९ औं नगरसभाको यस सम्मानित बैठकलाई सम्बोधन गरिरहँदा धेरै गौरवान्वित भएको छु ।

यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, अखण्डता, सामाजिक न्याय र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । लोकतन्त्र, राष्ट्रियता र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

नेपालको संविधानको धारा २२४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा धारा २३० को नगरपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिमको व्यवस्था अनुसार तानसेन नगरपालिकाको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत हुन गइरहेको व्यहोरा गरिमामय सभामा जानकारी गराउन चाहन्छु ।

नागरिकको प्रत्यक्ष सहभागीता रहने स्थानीय सरकार जनताको त्याग र बलिदानबाट प्राप्त उपलब्धी हो । नगरपालिकाबाट नागरिकलाई पूर्ण लोकतन्त्र, सुशासनको प्रत्याभूति, जनउत्तरदायी सरकार, सुशासनयुक्त विकासको आधारमा सभ्य तथा सु-संस्कृत समाज निर्माण गर्ने कार्यलाई आदर्श मानी हामी अगाडि बढेको कुरा सभा समक्ष जानकारी गराउन चाहन्छु ।

राज्यको पुनर्संरचनासँगै विकसित गरिएका सङ्घ, प्रदेश र स्थानीय सरकारहरुका अधिकार र जिम्मेवारी संविधानले नै निर्दिष्ट गरेकोछ । **"समृद्ध सांस्कृतिक नगर"** को दीर्घकालीन सोचको आधारमा तय गरिएको आवधिक योजना अनुसार नगर विकासका लक्ष्यलाई उच्च प्राथमिकताका साथ समावेश गरी नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय योजना, लुम्बिनी प्रदेशको आवधिक योजना, दिगो विकासको लक्ष्य, नगरको आवधिक योजना तथा विभिन्न समयमा नेपाल सरकार एवं प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनलाई समेत ध्यानमा राखी वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**सभाका सदस्यज्यूहरु**

चालु आ.व. २०८२/०८३ को लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजनाहरु सम्पन्न हुने क्रममा छन् र पारित नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अवस्था तथा उपलब्धी सन्तोषजनक रहेको छ। चालु आर्थिक वर्षमा नगर क्षेत्रको विकास र नगरवासीको समृद्धिको लागि गरिएका मुख्य कार्यहरुमा समुदायको सबैभन्दा निकट रही उनीहरुको जनजीविकामा प्रत्यक्ष योगदान पुऱ्याउने वडास्तरीय योजना तथा कार्यक्रमहरु प्रमुख रहेका छन । नगरका सबै वडामा सञ्चालित सडक निर्माण तथा स्तरोन्नति, कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण, पर्यटन प्रवर्द्धन लगायतका महत्वपूर्ण विषयगत कार्यहरु अगाडि बढेका छन् ।

नगरस्तरीय प्रमुख कार्यहरुमा खुल्ला ढलको उचित व्यवस्थापन, वनदेवी बसपार्क निर्माण, डुम्रे-तेल्घा-गुफाचौर पक्की सडकको सम्पन्नता, शीत भण्डार निर्माण, मेयर पूर्वाधार विकास, उपमेयर महिला मैत्री पूर्वाधार लगायत तानसेन नगरपालिका र बेलायत एफ.सी.डि.ओ.को साझेदारीमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) मार्फत सडक पूर्वाधार विकास तथा खानेपानी आयोजनाहरु कार्यान्वयन गरिएको छ। स्थानीय सडक पूर्वाधार, भवन निर्माण, खानेपानी लगायत अधिक स्थानीय पूर्वाधार विकास तथा अन्य विषयगत कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन् ।

सारमा गत आर्थिक वर्ष र चालु आ.व. २०८२/०८३ को यस अवधिसम्म पूर्वाधार तर्फ २३.६८ कि.मि.सडक कालोपत्रे तथा ढलान कार्य, ३४.९५ कि.मि.सडक स्तरोन्नती तथा मर्मत कार्य, १७.६४ कि.मि. नयाँ सडक निर्माण र १४ वटा कल्भर्ट निर्माण कार्य सम्पन्न भएको छ । भवन तर्फ ८९ वटा सामुदायिक भवन/ट्रस निर्माण तथा मर्मत, ७ वटा मठ मन्दिर, ३८ वटा प्रतिक्षालय निर्माण, शौचालय निर्माण तथा मर्मत १९ वटा, ४० वटा खानेपानी टङ्की निर्माण तथा मर्मत कार्य, ४१५.९३ मिटर ढल निर्माण तथा मर्मत, ४१.८० कि.मी. पाइप खरिद, ५.४३ कि.मी. सिंचाई कुलो निर्माण र ५ वटा खेल मैदान निर्माण तथा स्तरोन्नतीको कार्य गरिएकोछ । अन्य विषयगत कार्यक्रमहरु समेत प्रभावकारी रुपमा अगाडि बढाइएको छ ।

संस्कृति संरक्षण र पर्यटन प्रवर्द्धन तर्फ दरबार संग्राहलय परिसरको पुनर्निमाण तथा सौन्दर्यकारी कार्य, रानीमहल रङ्गरोगन र लाइटिङ्गको व्यवस्था मिलाइएको छ । नगरस्तरीय मेयरकप रनिङ्ग शिल्ड प्रतियोगिता तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न गरिएको छ ।

तानसेन नगरपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारीमा सञ्चालित **तानसेन आर्थिक विकास परियोजना** मार्फत किसानहरुलाई प्रत्येक्ष सहयोग पुऱ्याइएको छ । लुम्बिनी प्रदेश सरकार र तानसेन नगरपालिकाको साझेदारीमा सञ्चालित उद्यमशीलता तथा पर्यटन विकास परियोजना तथा दायित्व संस्थाको साझेदारीमा सञ्चालित बृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रम मार्फत आर्थिक तथा नवपवर्तनका कार्यक्रमहरु सम्पनताको चरणमा छन् ।

ऐतिहासिक तथा परम्परागत जात्रा, मेला, पर्व, सडक महोत्सव लगायत वडास्तरबाट समेत संस्कृति संरक्षण र प्रवर्द्धनमा सहयोग पुऱ्याइएको छ । कृषि, पर्यटन, उद्योग र व्यापार तानसेन महोत्सव सञ्चालन गरी नगरपालिकाको राजश्व अभिबृद्धिलाई निरन्तरता दिइएको छ ।

विपद् व्यवस्थापन तर्फ आगलागी नियन्त्रणमा दमकल र जनशक्तिको प्रभावकारी रुपमा परिचालन गरी अन्तरपालिका सहकार्य गरिएको छ । पद्म पव्लिक माध्यमिक विद्यालयमा विद्यालयस्तरीय विपद केन्द्र निर्माण भएको छ ।

नगरवासीलाई सुलभ र गुणस्तरीय सेवा प्रवाहको लागि सुशासनका क्षेत्रका समय सापेक्ष कार्यक्रमहरु कार्यान्वयनमा ल्याइएकोछ ।

नगरको ग्रामीण र बजार क्षेत्रको सन्तुलित विकास अगाडि बढाउन हामी सफल छौ र आगामी दिनमा पनि प्रयत्नशील रहने छौ । स्थानीय विकासमा सबैको समन्वय, सहकार्य र सहयोगबाट आगामी दिनहरुमा थप उपलब्धिमूलक काम गर्ने हौसला र उर्जा मिल्नेछ भन्ने अपेक्षा गरेका छौ ।

निर्धारित समयमा विकास निर्माणका कार्यक्रमहरु सम्पन्न गरी स्रोत साधनको प्रभावकारी परिचालन गर्ने हाम्रो गहनतम लक्ष्यमा आशातित उपलव्धी हासिल गर्न चुनौतीपूर्ण अवस्था रहेको व्यहोरा गरिमामय नगरसभा समक्ष राख्न चाहन्छु । स्थानीय तहको लागि निर्धारित बजेट कटौती हुनु, हाल अन्तर्राष्ट्रिय जगतमा परेको विषम परिस्थितिका कारण निर्माण व्यवसायीहरुले समयमा काम सम्पन्न नगरिदिंदा ठूला पूर्वाधारका आयोजनाहरु समयमा सम्पन्न नहुनु, दिगो विकास लक्ष्यको कार्यान्वयनमा स्रोत तथा साधनको तादम्यता मिलाउन हाम्रा लागि थप चुनौतिहरु रहेका छन् । आन्तरिक स्रोत बृद्धिको चुनौतीका वावजुद आगामी आर्थिक बर्षको लागि महत्वपूर्ण योजना तथा कार्यक्रमहरु प्रस्ताव गरिने छन् ।

**सभाका सदस्यज्यूहरु**

तानसेन नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तयारीको क्रममा राजनीतिक दल, सम्पूर्ण जनप्रतिनिधिहरु, नगर सल्लाहकार, सरकारी निकाय, सहकारी क्षेत्र, सामाजिक सङ्घ संस्था, विकास साझेदार, टोल विकास संस्थाहरु, निजी क्षेत्र, सञ्चार क्षेत्र, नागरिक समाज, राष्ट्रसेवक कर्मचारी, नगरवासी र सम्बन्धित सरोकारवाला महानुभावहरुबाट नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने सम्वद्ध विषयहरुमा प्राप्त महत्वपूर्ण सुझावहरु समेत समावेश गरिएको व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु । **समृद्धि सम्भव छ, "जागौं स्वरोजगारमा लागौं"** भन्ने अवधारणा सहित उत्पादन र उत्पादकत्व बृद्धि हुने तथा रोजगारीका अवसर सिर्जना हुने गरी पर्यटन, कृषि, युवा उद्यमशीलता र पूर्वाधार विकासका क्षेत्रमा विशेष ध्यान पुऱ्याइने छ । **"हाम्रो तानसेन हामी बनाउछौं"** भन्ने अभियानमा आधारित नीति तथा कार्यक्रम र बजेट तर्जुमा तय गरिएको व्यहोरा सम्मानीत सभामा सहर्ष जानकारी गराउन चाहन्छु ।

**नगरसभाका सदस्यज्यूहरु**

अव म यस गरिमामय सभामा आगामी आ.व. २०८३/०८४ को लागि क्षेत्रगत एवम् विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

(क) **आर्थिक विकास**

**स्थानीय आर्थिक विकास**

१. समृद्ध सांस्कृतिक नगर तानसेनको परिकल्पनालाई साकार पार्ने प्रमुख आधारको रुपमा कृषि र पर्यटन क्षेत्रको विकासलाई मुख्य प्राथमिकतामा राखिएको छ । यसको साथै व्यापार व्यवसाय र उद्योग प्रवर्द्धन, सहकारी तथा वित्तीय क्षेत्रको विकास लगायत आर्थिक विकासका क्षेत्रलाई उच्च प्राथमिकतामा राखी आवश्यक बजेट समेत विनियोजन गरिने छ ।

२. उत्पादन तथा उत्पादकत्व बृद्धि, उद्यमशीलता विकास र युवालाई आर्थिक विकास अभियानमा जोड्न नगरपालिका र हेफर प्रोजेक्ट नेपालसँगको साझेदारीमा सञ्चालित **"तानसेन आर्थिक विकास परियोजना"** लाई प्रभावकारी रूपमा अगाडि बढाइनेछ ।

३. तानसेनमा उत्पादित ढाका, करुवा, तामाका भाँडाकुँडा, फलाम तथा धातुजन्य सामग्रीको बजारीकरणका लागि कृषि, पर्यटन, उद्योग र व्यापार चौथो तानसेन महोत्सव, २०८३ आयोजना गर्न सम्बन्धित सङ्घ संस्थाहरुसँग सहकार्य र समन्वय गरिनेछ ।

**सम्पदा, संस्कृति तथा पर्यटन विकास**

४. तानसेनको कला, साहित्य, संस्कृति, सम्पदा, विज्ञान, प्रविधि, शिक्षा तथा स्वास्थ्य क्षेत्रको अध्ययन, संरक्षण र प्रवर्द्धनका लागि तानसेन नगर प्रज्ञा प्रतिष्ठान मार्फत कार्यक्रम सञ्चालन गरिएकोमा थप कार्यहरु अगाडि बढाइनेछ ।

५. पर्यटन, संस्कृति र सम्पदा विकासलाई योजनाबद्ध रूपमा अगाडि बढाउन गठन गरिएको **"तानसेन पर्यटन विकास बोर्ड"** बाट तयार भएको तानसेन पर्यटन नीति कार्यपालिकाबाट स्वीकृत भई कार्यान्वयनमा गैसकेकोले उक्त नीतिअनुसार आगामी कार्यक्रम सञ्चालन गरिनेछ ।

६. श्रीनगर, गुफाचौर, पाल्पा दरबार परिसर, रानीमहल लगायतका क्षेत्रको सौन्दर्यकरण तथा संरक्षणका लागि सङ्घ, प्रदेश, पुरातत्व विभाग, नेपाल पर्यटन बोर्डसँग सहकार्य गरिनेछ ।

७. ऋषिकेश/रुरु क्षेत्र, श्री ७ रणउजिरेश्वरी भगवती, अमरनारायण मन्दिर लगायत अन्य धार्मिक धरोहरहरुको संरक्षण तथा भौतिक पूर्वाधार निर्माणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। मन्दिर क्षेत्र संरक्षण र व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ।

८. ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वका सम्पदाहरु श्री ७ रणउजिरेश्वरी भगवती मन्दिर, अमरनारायण मन्दिर, पाल्पा दरवार क्षेत्र, ऋषिकेश रुरुक्षेत्र, वंशगोपाल क्षेत्रजस्ता सम्पदाहरुलाई विश्व सम्पदा सूचीमा समावेश गर्नको लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ।

९. प्रभास कमलपोखरी, सूर्यकुण्ड, अर्गली कुडापानी क्षेत्रलाई ऐतिहासिक महत्वसँग जोडेर विशेष पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सम्बन्धित निकायसँग सहकार्य गरिनेछ।

१०. उजिर सिंह थापासँग सम्बन्धित ऐतिहासिक फलाम खानी क्षेत्र संरक्षण, मूर्ति स्थापना तथा "उजिर-अमर पार्क" निर्माणका लागि गुरुयोजना तयार गरिनेछ।

११. अर्गली दरबार, नर्मदेश्वर शिवालय, सिद्धपानी गुफा, कुण्डली देवी, कुइरेभीर, चेचीकोट, थाम्काडाँडा, कुँडापानी, गुफाचौर लगायतका पर्यटकीय गन्तव्यको विकास र प्रचार प्रसार गरिने छ।

१२. पुरातत्व विभागको सहकार्यमा तानसेन बजारलाई मध्यकालीन शहरको रुपमा विकास एवं ऋषीकेश परिसर/रुरु क्षेत्रलाई विश्व सम्पदा सूचीमा समावेश गर्न आवश्यक कार्य गरिनेछ।

१३. श्री ७ रणउजिरेश्वरी भगवती खटयात्रा र अमरनारायण, माण्डव्य ऋषी, ऋषीकेश खटयात्रा, गाईजात्रा, रोपाईजात्रा, बाघजात्रा, भैरव जात्रा, भीमसेन जात्रा, हनुमान जात्रा, गणेश जात्रा, लक्ष्मीनारायण जात्रा, माघे सङ्क्रान्ति, शिवरात्री मेला, सीतलादेवी खटयात्रा, बुद्धजयन्ती, प्रभास शिवरात्री मेला, लिपिन्देवी सराय नाँच, खाँणदेवी सराय नाँच, कोकलदेवी महाअष्टमी मेला र पानी माग्ने मेला, सत्यवती मेला, कमलेश्वरको श्रावणी मेला, लाखे नाँच, चुँइकी, मालश्री गायन, हाइदोस लगायतका परम्परागत जात्रा, मेला सांस्कृतिक जात्रा तथा पर्वहरुलाई संरक्षण र निरन्तरता दिन नगर तथा वडास्तरबाट सहयोग गरिनेछ।

१४. विभिन्न धर्म संस्कृति अन्तर्गत रहेका नगर क्षेत्रका मठ, मन्दिर, मस्जिद, गुम्बा, विहार, चैत्य, चर्च लगायत धार्मिक सम्पदाको संरक्षण तथा व्यवस्थापन गरिनेछ।

१५. ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, मर्मत र पूर्वाधार विकासका लागि सम्बन्धित निकायसँग सहकार्य गरिनेछ। पर्यटकीय क्षेत्रमा सडक, पुल, विद्युत, खानेपानी, शौचालय तथा सूचना केन्द्रको व्यवस्था गरिनेछ। सांस्कृतिक क्षेत्रका संरचनालाई पुरातात्विक शैलीमा निर्माण गर्न प्रोत्साहन गरिनेछ।

१६. नगरको मौलिक संस्कृतिलाई जोगाइ नगरलाई सांस्कृतिक नगरको रुपमा विकास गर्न परम्परागत शैलीमा निर्माण भएका घरहरुको संरक्षण र नयाँ निर्माण हुने घरहरुलाई परम्परागत मौलिक शैलीमा निर्माण गर्न घरधनीहरुलाई विशेष प्रोत्साहन गरिनेछ। एक सय बर्ष पूरा गरेका घरहरुलाई अभिलेखीकरण गरिनेछ।

१७. रुरु क्षेत्रमा अवस्थित तीन मुखे पुलमा लाइटिङ्ग तथा अन्य सौन्दर्यकरण कार्यको लागि बजेट सुनिश्चितता गरिनेछ।

१८. माण्डव्य तपोभूमि र अगारे कुण्डको उत्खनन गरी पुरातात्वीक र ऐतिहासिक महत्वलाई उजागर गरिनेछ।

१९. पर्यटक आकर्षित हुने पूर्वाधार, विद्युतीय सौन्दर्यकरण, पर्यटकीय गन्तव्य पहुँच बाटो, झोलुङ्गे पुल, खुल्ला रमणीय फूलबारी लगायत अन्य पर्यटकीय आकर्षणका पूर्वाधार निर्माण कार्यमा लगानी अभिवृद्धि गरिनेछ ।

२०. होटल, रेष्टुरेन्ट तथा होमस्टेको स्थापना र स्तरोन्नतिमा सहकार्य गरिनेछ । निजी क्षेत्रसँग सहकार्य गरी पर्यटकको पाल्पा बसाइ विस्तार गर्ने वातावरण तयार गरिनेछ । नगरका सम्भाव्य क्षेत्रलाई विवाह गन्तव्यका रुपमा विकास गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

**उद्योग, व्यापार, वाणिज्य तथा सीप विकास र रोजगार प्रवर्द्धन**

२१. इन्स्योर परियोजनासँगको सहकार्यमा कुक, प्लम्बिङ, बिल्डिङ इलेक्ट्रिसियन तथा कम्प्युटर हार्डवेयर/नेटवर्किङ तालिम सञ्चालन गरी युवालाई दिगो र सम्मानित रोजगार, स्वरोजगार र उद्यमशीलतामा जोड्ने कार्यक्रमलाई निरन्तरता दिदै थप साझेदारहरुको पहिचान र सहकार्य गरिनेछ ।

२२. विद्यालयस्तरमा प्राविधिक तथा व्यवसायिक शिक्षा र "**पढ्दै कमाउँदै**" कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२३. रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमार्फत बेरोजगार दर्ता, श्रम बजार विश्लेषण, सीप विकास, रोजगार परामर्श, जब म्याचिङ तथा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको पुनःएकीकरण सेवा एकद्वार प्रणालीबाट सञ्चालन गरिनेछ ।

२४. सुरक्षित, व्यवस्थित र मर्यादित वैदेशिक रोजगारका कार्यक्रमलाई तीनै तहका सरकारसँग सहकार्य गरी प्रभावकारी बनाइनेछ । सामी कार्यक्रम वित्तीय साक्षरता कार्यक्रम यस आ.व.बाट शुरु गर्ने गरी आवश्यक सोतको व्यवस्था गरिने छ ।

२५. स्थानीय स्रोत, सीप र सम्भावनामा आधारित उद्योग तथा उद्यम विकासलाई प्रोत्साहन गर्दै उत्पादन, रोजगारी तथा आय अभिबृद्धिमा जोड दिइनेछ । परम्परागत पुर्ख्यौली पेशालाई प्रोत्साहन गरिने छ ।

२६. लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापना, विस्तार र आधुनिकीकरणका लागि आवश्यक सहजीकरण, सीप विकास तथा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२७. स्थानीय उत्पादनको बजारीकरण, ब्राण्डिङ तथा व्यापार प्रवर्द्धनका लागि व्यापार मेला, प्रदर्शनी तथा बजार व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

२८. निजी क्षेत्र, उद्योगी, व्यवसायी तथा सरोकारवालाहरूसँग सहकार्य गर्दै लगानी मैत्री वातावरण निर्माण गरी उद्योग तथा व्यापार क्षेत्रको विकास सुनिश्चित गरिनेछ ।

२९. लोपोन्मुख जातिहरु गन्दर्भ, भुजेल, कुमाल, बोटे, माझीहरुको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । अल्पसंख्यक लोपोन्मुख लगायतका जात जातिको परम्परागत सीप परीक्षण गरी व्यवसायिक रुपमा रुपान्तरण गरिनेछ ।

३०. नगरपालिकाको राजश्व अभिबृद्धि र नगर क्षेत्रको विकास निर्माणमा सहयोग पुऱ्याउन सङ्घ तथा प्रदेश सरकारको नीतिगत व्यवस्था अनुसार निजी क्षेत्रको लगानीमा नगर भित्रको सम्भाव्य स्थलमा क्रसर उद्योगको स्थापनाको लागि नीतिगत पहल गरिनेछ ।

**कृषि तथा पशुपंक्षी विकास**

३१. तानसेन नगपालिका वडा नं. ७ स्थित शीतभण्डार सञ्चालनमा ल्याइनेछ । नगदेबाली अदुवाको उत्पादन बृद्धि गर्न वडा नं. ५ को गोदाम घरमा अदुवा विऊ भण्डारण गरिएमा कृषकलाई प्रति केजी रु. ५।- अनुदानको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३२. बाँझो जमिनलाई उत्पादनमूलक खेतीमा उपयोग गर्न प्रतिरोपनी रु.५०००।- अनुदान उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३३. तानसेनलाई मासु, दूध, अण्डा र तरकारीमा आत्मनिर्भर पालिका घोषणाको थालनी गरिनेछ । दुग्ध उत्पादक कृषकलाई दिइने अनुदान कार्यक्रमलाई निरन्तरता दिदै आगामी आ.व.देखि प्रति लिटर रु. ३।- का दरले अनुदान उपलब्ध गराइनेछ ।

३४. कृषि तथा पशुपंक्षी बजार सूचना, हाटबजार पूर्वाधार, सिँचाइ, सीप विकास, प्रविधि विस्तार, कृषि सामग्री आपूर्ति तथा कृषक क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

३५. किसानलाई उन्नत बीउ, मल, प्रविधि, कृषि यन्त्र, भण्डारण तथा प्रशोधनमा सहयोग गरिनेछ । उच्च मूल्यका कृषि तथा पशुपंक्षीजन्य वस्तुको उत्पादन र बजारीकरणलाई प्राथमिकता दिइनेछ । वन्यजन्तु नियन्त्रणका वैकल्पिक उपाय अवलम्वन गर्न गरिनेछ ।

३६. छाडा चौपाया व्यवस्थापनका लागि वडा नं. १४ स्थित रुरु गौ-सेवा आश्रमसँग भएको सहकार्यलाई निरन्तरता दिइनेछ ।

३७. दाना तथा पशुजन्य खाद्यवस्तु उत्पादनको लागि साइलेज तयारी मेशिन लगायतका आवश्यक यन्त्र उपकरणहरुको थप व्यवस्था मिलाइनेछ ।

**सहकारी क्षेत्र विकास**

३८.सहकारी संस्थाको संस्थागत विकास, क्षमता अभिवृद्धि तथा उत्पादनमुखी सहकारीसँग साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

३९.सहकारी सञ्चालकलाई पारदर्शिता, सुशासन र व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिनेछ । बचत सुरक्षाका लागि प्रभावकारी अनुगमन र नियमन गरिनेछ ।

४०.सबै सहकारी संस्थाहरुलाई सहकारी तथा गरिवी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आवद्ध गरिएकोमा तोकिएका कार्यको निरन्तरताको लागि अनिवार्य गरिने छ ।

**वित्तीय व्यवस्थापन तथा राजश्व परिचालन**

४१.नगरको औपचारिक तथा अनौपचारिक क्षेत्रको अर्थतन्त्रको अध्ययन गरी नगरको आर्थिक स्थितिको यथार्थता पहिचान गरिनेछ ।

४२.सार्वजनिक वित्त प्रणाली सुधार, वित्तीय अनुशासन र जवाफदेहिता कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनेछ । राजश्व प्रवर्द्धनका आधारमा वडागत बजेट प्रोत्साहन प्रणाली लागू गरिनेछ ।

४३.करदाता शिक्षा तथा कर सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । विद्युतीय राजश्व सङ्कलन र भुक्तानी प्रणालीलाई अनिवार्य गर्दै स्थानीय तह संचित कोष व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइनेछ । नगद भुक्तानीको कठिनाई घटाउन राजश्व, कर र शुल्क बापतको रकम भुक्तानी गर्दा नागरिकले डिजिटल भुक्तानी गर्ने प्रणालीलाई प्रोत्साहित गरिनेछ ।

४४.आन्तरिक राजश्व अभिवृद्धिका लागि व्यवसायी तथा सरोकारवालालाई करको दायरामा ल्याइने छ। खानीजन्य तथा नदीजन्य स्रोतको व्यवस्थित सङ्कलन र वितरणलाई प्राथमिकता दिइनेछ।

(ग) **सामाजिक विकास**

४५. सामाजिक विकास, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण र सामाजिक विभेद न्यूनीकरण नगरको प्राथमिकता रहनेछ । आर्थिक-सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा सीमान्तकृत समुदायको हितको लागि नगरको प्राथमिकता रहनेछ।

**सामाजिक समावेशिकरण**

४६. 'ग' वर्ग अपाङ्गता भत्ता, एच.आई.भी. एड्स प्रभावितलाई सहयोग, तानसेन नगर लैङ्गिक समानता अपाङ्गता तथा समावेशिकरण, द्वन्द्वपीडित र वेपत्ता परिवारको लागि सीपमूलक र सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४७. दृष्टिविहिन तथा सरोकारवाला व्यक्तिहरूलाई सूचित गर्न नगर विकास योजना ब्रेललिपिमा प्रकाशन गरिनेछ। अपाङ्गतामैत्री तथा बालमैत्री कार्यक्रमलाई प्राथमिकतासाथ कार्यान्वयन गरिने छ । उल्लिखित कार्यक्रमहरुमा साझेदार एवं गैरसरकारी सङ्घ संस्थाहरुको सहभागितालाई प्राथमिकतामा राखिनेछ।

४८. बौद्धिक अपाङ्गता, अटिजम तथा मस्तिष्क पक्षघात भएका बच्चाहरुको लागि स्रोत कक्षा सञ्चालन र अपाङ्गता भएका बालबालिकाहरुको लागि शिक्षामा सहज पहुँच पुऱ्याउन त्यस क्षेत्रमा कार्य गर्ने संस्थाहरुसँग साझेदारीमा स्रोत शिक्षकको व्यवस्था गरिनेछ।

**न्यायिक समिति तथा स्थानीय मेलमिलाप**

४९. न्यायिक निरूपण प्रणाली सुदृढ गर्न न्यायिक समितिका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। मेलमिलाप केन्द्र व्यवस्थित गर्दै मेलमिलापकर्ताको क्षमता विकास गरिनेछ।

**सामाजिक सुरक्षा**

५०. सङ्घ, प्रदेश तथा स्थानीय कानून अनुसार सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। नगरपालिकाबाट 'ग' वर्ग अपाङ्गता भएका व्यक्तिलाई मासिक रु.५००।- भत्ता उपलव्ध गराइने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५१. ५ एम्पियरसम्मको विद्युत मिटर जडित २० युनिट भन्दा कम विद्युत खपत गर्ने उपभोक्तालाई विगतमा दिदैं आएको विद्युत महशुल अनुदानलाई निरन्तरता दिइने छ।

**स्थानीय बजार व्यवस्थापन**

५२. उपभोक्ता हित संरक्षणलाई प्राथमिकता दिइनेछ । नाप-तौल तथा मूल्य एकरूपताका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

५३. स्थानीय उत्पादन, आपूर्ति, मूल्य निर्धारण तथा बजार व्यवस्थापनका विषयमा अध्ययन अनुसन्धान गरिनेछ। अनुगमन र नियमन सुदृढ गरिनेछ।

**स्वास्थ्य**

५४. गुणस्तरीय स्वास्थ्य सेवाका लागि गुणस्तरीय निःशुल्क औषधीहरुको पूर्णताको सुनिश्चिता गरिने छ । **"म स्वस्थ, मेरो समुदाय स्वस्थ"** अभियान अन्तर्गत टोलस्तरीय स्वास्थ्य प्रवर्द्धन तथा नसर्ने रोग सम्बन्धी स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिनेछ ।

५५. पूर्ण खोप तथा पूर्ण संस्थागत सुत्केरी नगर घोषणालाई दिगोपन दिइनेछ । ६ महिना देखि ५९ महिना सम्मका बालबालिकाको बृद्धि अनुगमन गरी कुपोषण घटाइनेछ । पोषणयुक्त पालिका निर्माणको लागि सङ्घीय सरकारसँगको साझेदारीमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

५६. उप-प्रमुखसँग महिला स्वास्थ्य कार्यक्रम मार्फत प्रजनन् स्वास्थ्य (VIA टेष्ट) तथा नगर क्षेत्रका एच.आई.भी.सङ्क्रमितलाई मासिक रु.५०० औषधोपचार सहायता उपलब्ध गराइने छ ।

५७. **"स्वस्थ नागरिक, स्वस्थ नगर"** नीति अनुसार प्रत्येक वडामा हरित पार्कसहित खुला व्यायामशाला निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

## खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापन

५८. खानेपानी आपूर्ति दीर्घकालीन र भरपर्दो बनाउन स्रोत पहिचान, वितरण सुधार तथा पूर्वाधार विस्तार गरिनेछ । हाल एक घर एक धाराको कार्यक्रमलाई क्रमशः शत प्रतिशत पुऱ्याइनेछ ।

५९. तानसेनमा बसोबास गर्ने सम्पूर्ण जनसमुदायलाई सफापानी उपभोग गर्ने व्यवस्थाको लागि ठूला, मझौला र साना खानेपानी उपभोक्ता समितिहरुलाई माग अनुसार क्षमता विकास कार्यमा सहयोग गरिने छ ।

६०.फोहर व्यवस्थापनको दिगोपनाको लागि ल्याण्डफिल साइट र डम्पिङसाइट निर्माणलाई प्राथमिकतामा राखिनेछ। फोहर लेदो व्यवस्थापनका लागि सक्सन मेसिन प्रयोग गरिनेछ। मासुजन्य तथा हड्डीजन्य फोहरको बैज्ञानिक व्यवस्थापन गरिनेछ । हाल सञ्चालनमा रहेको फोहरमैला डम्पिङ्ग साइटलाई सम्भार तथा सुधार गरी वातावरणीय क्षतिमा न्यून गर्न आवश्यक कार्य गरिने छ ।

६१. खुला ढल प्रणाली व्यवस्थापनमा सङ्घ-प्रदेश सरकासँग सहकार्य गर्दै नगरको पुराना जीर्ण भएका ढल तथा नाली र नयाँ वस्तीहरुमा ढलको विकास र विस्तार गर्न नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्था विभागको सहकार्यमा विस्तृत आयोजना प्रतिवेदन (DPR) निर्माणलाई पूर्णता दिई बजेट व्यवस्थापन गर्न विशेष पहल गरिनेछ ।

## शिक्षा, युवा तथा खेलकुद

६२. शैक्षिक सुशासन र गुणस्तर सुधारका लागि संस्थागत क्षमता विकास, मूल्याङ्कन, शिक्षक मेन्टरिङ र सुपरीवेक्षण तथा विद्यालय अनुगमन कार्यक्रम प्रभावकारी बनाइनेछ । अन्तर विद्यालय उत्कृष्ट असल अभ्यास आदान-प्रदान कायलाई निरन्तरता दिइनेछ ।

६३.आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा र माध्यमिक शिक्षा (एस.इ.इ.) मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कृत र शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल शिक्षकहरुलाई सम्मान गरी सिकाई गुणस्तर अभिवृद्धि गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

६४. विद्यार्थी उपलब्धि परीक्षण, प्रविधिमैत्री शिक्षण र शिक्षक क्षमता विकास कार्यक्रम मार्फत गुणस्तर वृद्धि र शैक्षिक सुधारका लागि विद्यालय प्रोत्साहन अनुदान तथा विद्यालयमा शौचालय, फर्निचर र सूचना प्रविधि पूर्वाधार सुधारलाई प्राथमिकतामा राख्दै गुणस्तरीय शिक्षाका लागि डिजिटल विद्यालय पूर्वाधार निर्माण गरिनेछ ।

६५. युवाका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, सीप विकास र वृत्ती मार्गनिर्देशन कार्यक्रमलाई युवाहरुको वृत्ती विकाससँग जोडने निती लिइएकोछ ।

६६. नवयुवाहरुको माग सम्बोधन गर्नको लागि उनीहरुसँग निरन्तर सम्वाद र सहकार्य गर्दै नवप्रवर्तनात्मक कार्यहरुमा जोडिनेछ ।

६७. नगरस्तरीय खेलकुद प्रतियोगिता अन्तर्गत राष्ट्रपति रनिङ्ग शिल्ड, मेयरकप रनिङ्ग शिल्ड तथा राष्ट्रिय स्तरका खेल प्रतियोगिता सञ्चालन र खेल पूर्वाधार विकासमा सङ्घ-प्रदेशसँग समेत सहकार्य गरिनेछ । साहसिक खेलकुदमा युवाको सहभागिता बढाइनेछ । विद्यालयहरुमा खेल प्रशिक्षक व्यवस्थापन र खेलकुद सामग्रीहरुको व्यवस्था गर्दै लगिने छ ।

६८. सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक सहयोग गरिनेछ ।

६९. विद्यार्थीहरुको अतिरिक्त क्रियाकलापलाई प्रभावकारी बनाउन जुनियर रेडक्रस, स्काउट, नेशनल क्याडेट कोर्प्स (NCC) कार्यक्रमको साथै विपद व्यवस्थापन तथा जनचेतनाका कार्यक्रमलाई प्रभावकारी रुपमा लगिने छ ।

७०. आजका बालबालिका भोलिका कर्णधार र देश निर्माणका सूत्राधार हुन भन्ने मर्मलाई आत्मसात गर्दै उनीहरुको हक अधिकारको सुनिश्चितता र क्षमता विकास गर्ने नीति लिइनेछ । बालमैत्री स्थानीय शासनयुक्त पालिका निर्माणको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । साथै अभिभावक सुरक्षा र सेवा नपाएका वालवालिकाको अध्ययन र जीवन सुधारमा ध्यान पुऱ्याइने छ ।

**(घ) पूर्वाधार विकास**

**स्थानीय पूर्वाधार :**

७१. वनदेवी बसपार्क निर्माण सम्पन्न गरी आगामी आर्थिक वर्षभित्र सञ्चालनमा ल्याइनेछ ।

७२. श्रीनगर, रानीमहल, गुफाचौर लगायत पर्यटकीय सडकलाई सांस्कृतिक सडकका रूपमा विकास गरिनुका साथै आवश्यक पूर्वाधार निर्माण गरिनेछ । सडक बोर्डसँगको साझेदारीमा बजार तथा ग्रामीण क्षेत्रका प्रमुख सडकको मर्मत सम्भार गरिनेछ ।

७३. मेयर पूर्वाधार विकास कार्यक्रम र उप-प्रमुखसँग महिलामैत्री पूर्वाधार विकास कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।

७४. "जहाँ मार्किङ्ग, त्यहाँ पार्किङ्ग" अवधारणा सहित पार्किङ व्यवस्थापन र बजार सौन्दर्यकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७५. विकास आयोजनामा नागरिक अपनत्व वृद्धि गर्न सह-लगानीका आयोजनालाई प्राथमिकता दिंदै जनसहभागितामा आधारित पूर्वाधार निर्माणमा समुदायसँग ५० प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिदै आएकोमा त्यसलाई निरन्तरता दिइनेछ ।

७६. घर नक्सा पास प्रणालीलाई पारदर्शी, आधुनिक र वैज्ञानिक बनाउन इलेक्ट्रोनिक बिल्डिङ परमिट सिस्टम (EBPS) लागू गरी घरदैलोमै सेवा पुऱ्याइनेछ ।

७७. सङ्घ र प्रदेश सरकाबाट सञ्चालित पूर्वाधार आयोजनामा नगरबाट सहकार्य र सहजीकरण गरिने छ । सडक, बत्ती, ढल र खानेपानी सहित एकीकृत विकास नीति अवलम्बन गरिनेछ । नगरभित्रै प्राविधिक ल्याब सञ्चालन गर्न आवश्यक कार्य गरिनेछ ।

७८. सडक पूर्वाधार निर्माण गर्दा दिगो र वातावरणमैत्री तरिकाले गरिनेछ । सडकको पहुँच नपुगेको क्षेत्र र रणनीतिक महत्वका सडकहरुको मात्र नयाँ ट्रयाक निर्माण गरिनेछ । वडा पहुँचमार्ग र रणनीतिक महत्वका सडक निर्माणलाई प्राथमिकतामा राखिनेछ ।

७९. रुरु क्षेत्रमा अवस्थित तीन मुखे पुलमा लाइटिङ्ग तथा अन्य सौन्दर्यकरण कार्यको लागि बजेट सुनिश्चितता गरिनेछ ।

## (ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन

**वन तथा वातावरण संरक्षण :**

८०. श्रीनगर, कमलपोखरी, गुफाचौर, कुडाँपानी, अमरनारायण फूलबारी, दमकडा वनबाटीका लगायत उद्यान क्षेत्रलाई सौन्दर्यकरण गरी जैविक पर्यटन क्षेत्रको रूपमा विकास गरिनेछ । सिमसार क्षेत्रको संरक्षण गरी पर्यटन गन्तव्य बनाइनेछ ।

८१. वन तथा वातावरण संरक्षण, जैविक विविधता र जलवायु अनुकूलन सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन, अनुगमन र नियमन गरिनेछ । सामुदायिक वनको तथ्याङ्क अद्यावधिक गरी समन्वय र सुदृढ गरिनेछ ।

८२. सामुदायिक वन उपभोक्ताहरुसँग समन्वय र सहकार्य गर्दै वन विकास र वातावरण संरक्षणको क्षेत्रमा आवश्यक कार्य गरिनेछ ।

८३. भू-संरक्षण तथा जलाधार व्यवस्थापनमा सामुदायिक अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछ । न्यून कार्बनयुक्त तथा हरित क्षेत्र संरक्षण गरिनेछ । भू-उपयोग नीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

८४. वातावरणमैत्री र हरित उर्जा कार्यक्रमको विकास र प्रवर्द्धनको लागि बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र लगायतका सङ्घ संस्थाहरुसँग समन्वयका र सहकार्यका साथ आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ ।

८५. प्राकृतिक रुपमा उपलब्ध पानीको समुचीत व्यवस्थापन गर्न पानीका मूलहरुको महत्व र उपयोगलाई वातावरण अनुकुल बनाउन मुहान संरक्षण र सम्वर्द्धन गरिनेछ ।

**विपद् व्यवस्थापन**

८६. सडक क्षती, पहिरो, बाढी र आगलागी नियन्त्रण तथा विपद् न्यूनीकरणका लागि आवश्यक सामग्री खरिद गरी मर्मत सम्भार तथा रोकथामका क्षेत्रमा प्रयोग गरिनेछ ।

८७. विपद् व्यवस्थापन कोषलाई सुदृढ गर्दै तत्काल खोज, उद्धार र राहत कार्यमा उपयोग गरिनेछ। नगरको सार्वजनिक र संस्थागत माध्यमिक विद्यालयहरुमा विपद् इकाइ स्थापना गरिनेछ। यस कार्यमा सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य गरिनेछ।

८८. विपद् व्यवस्थापनमा स्थानीय समुदाय, सुरक्षा निकाय, रेडक्रस, स्काउट, नेशनल क्याडेट कोर्प्स (NCC) लगायत सरोकारवाला संस्थासँग समन्वय गरिनेछ।

८९. वडा कार्यालयमा सीसी क्यामेरा जडान, अत्यावश्यक राहत र उद्धार सामग्रीको व्यवस्थापन मिलाइनेछ ।

९०. विपद् व्यवस्थापन ऐन, विपद् जोखिम न्यूनीकरण योजना, जोखिम क्षेत्र नक्शाङ्कन र आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरिनेछ।

(च) **सुशासन तथा संस्थागत विकास**

९१. सुशासन तथा संस्थागत विकास अन्तर्गत सूचना प्रविधि, LGPAS, SDG, अन्तर्राष्ट्रिय साझेदारी, उपभोक्ता समिति तालिम, टोल विकास संस्था व्यवस्थापन, सार्वजनिक सुनुवाई, बजार अनुगमन, न्यायिक समिति, योजना व्यवस्थापन र कार्यालय विन्यास (Office Layout) लाई प्रभावकारी बनाइनेछ।

**सुशासन प्रवर्द्धन** :

९२. विधिको शासन, जवाफदेहिता र कार्यसम्पादन प्रभावकारिता सहितको सार्वजनिक सेवा प्रवाह सुनिश्चित गरिनेछ।

९३. प्रभावकारी सेवा प्रवाह र सुशासनका लागि आवश्यक कानुन तर्जुमा गरिएकोमा ती सबै कानूनहरूको अभिलेख व्यवस्थापन गरी राजपत्रमा प्रकाशन गरिनेछ र प्रकाशित कानुनहरुको एकीकृत कानुन संग्रह प्रकाशन गरिनेछ।

९४. बेरुजु फछ्र्यौट निर्देशिका, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, सार्वजनिक खरिद नियमावली, राजस्व सुधार कार्ययोजना लगायतका कानुनी व्यवस्था कडाइका साथ लागू गरिनेछ।

९५. नागरिक सेवा प्रभावकारी बनाउन एकीकृत घुम्ती शिविर सञ्चालन गरिनेछ। सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र सार्वजनिक परीक्षणका कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

९६. नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोत सुनिश्चित गरिएको छ। सुशासन तथा संस्थागत विकासमा सरकारी निकाय र विकास साझेदारसँग सहकार्य गरिनेछ। सिफारिस र प्रमाणित एप प्रयोगमा ल्याई एकरुपता कायम गरिनेछ।

९७. नगरका गतिविधि नागरिकसम्म पुर्‍याउन कार्यसम्पादनमा आधारित स्थानीय सञ्चार माध्यमको संस्थागत विकास कार्यक्रम निरन्तर रहनेछ।

९८. सुशासन मूल्यांकन तथा विकास आवश्यकताको पहिचानका लागि **"जनताको घरदैलोमा मेयर"** कार्यक्रम प्रभावकारिताका साथ अगाडि बढाइनेछ।

९९. सार्वजनिक, सरकारी तथा गुठी जग्गा पहिचान, अभिलेखीकरण र संरक्षण गरिनेछ। भूमि वर्गीकरण सम्पन्न गरिनेछ। भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका लागि जग्गा उपलव्ध गराउने कार्यमा आवश्यक समन्वय र सहकार्य गरिनेछ।

१००. नगर प्रहरी परिचालन गरी सार्वजनिक सम्पत्ति, बजार व्यवस्थापन, पार्किङ, सरसफाई, ऐलानी जग्गा, सम्पदा, पूर्वाधार संरक्षण तथा विपद् व्यवस्थापन र छाडा चौपाया नियन्त्रण गरिनेछ ।

१०१. विपद् व्यवस्थापन ऐन, जोखिम न्यूनीकरण योजना, जोखिम क्षेत्र नक्शाङ्कन र आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरिनेछ ।

**क्षमता विकास :**

१०२. क्षमता विकास योजना अनुसार नगरपालिका आफै र साझेदार सङ्घ संस्थासँगको समन्वय र सहकार्यमा जनप्रतिनिधि र कर्मचारी तथा सम्बद्ध सरोकारवालाहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । कम्तिमा ३ दिनको तालिम सञ्चालन गरिनुको साथै तालिम तथा प्रशिक्षणको अनुगमन गरी प्रभावकारिता र गुणस्तर अभिवृद्धि गरिनेछ ।

१०३.सूचना प्रविधिको उपयोग गर्दै अभिलेख व्यवस्थापन सुदृढ गरिनेछ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) थप प्रभावकारी बनाइनेछ । वित्तीय व्यवस्थापन सुधार गर्दै बेरुजु फछ्र्यौट प्रभावकारी बनाइनेछ । सार्वजनिक खर्चमा मितव्ययिता अपनाइनेछ ।

१०४. स्थानीय सरकार सवलीकरण कार्यक्रम मार्फत योजना, आर्थिक तथा संस्थागत विकासलाई नतिजामुखी बनाउन निरन्तर सहकार्यको लागि सम्बन्धित साझेदार संस्थासँग आवश्यक समन्वय गरिने छ । साथै दी एशिया फाउण्डेशन, इन्स्योर, युनोप्स, युके एड., हेफर इन्टरनेशनल, रेडा लगायत साझेदार संस्थासँग समन्वय गरी कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

**योजना व्यवस्थापन :**

१०५. सम्भाव्यता अध्ययन, आयोजना बैंक, भौगोलिक सूचना प्रणाली (GIS) तथा तथ्याङ्कमा आधारित योजना प्रणाली सुदृढ गरिनेछ । अनलाइन योजना तथा प्रतिवेदन प्रणाली विकास गरिनेछ ।

१०६. सङ्घ, प्रदेश, जिल्ला समन्वय समिति तथा स्थानीय तहबीच सहकार्य र सहलगानीलाई प्राथमिकता दिइनेछ । गैर सरकारी सङ्घ संस्थाहरुका कार्यक्रम र योजनाहरुलाई समेत नगर विकास योजनामा समावेश गर्न अनिवार्य गरिनेछ ।

१०७. दिगो विकास लक्ष्य स्थानीयकरण गरी आवधिक तथा वार्षिक योजनासँग आवद्ध गरिनेछ । बजेट व्यवस्थापन दीर्घकालीन गुरुयोजना, आवधिक योजना र मध्यमकालीन खर्च संरचनामा आधारित गरिने छ ।

१०८. सीटीनेट, दि एशिया फाउण्डेशन तथा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरुसँगको समन्वयमा भैरहेको अन्तरपालिका समन्वयलाई थप प्रभावकारी बनाइने छ ।

१०९. नेपाल सरकार र प्रदेश सरकारले हालै गरेको थप सेवा सुविधा अनुसार यस नगरपालिकामा कार्यरत कर्मचारीहरु, शिक्षक, विद्यालय कर्मचारी, वालविकास शिक्षक लगायतको पारिश्रमिक सेवा सुविधा सोही अनुसार मिलाइनेछ ।

**सभाका सदस्यज्यूहरु,**

माथि उल्लिखित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सघाउ पुग्ने गरी सङ्घ तथा प्रदेश सरकारबाट नगरपालिकालाई प्राप्त हुने समानीकरण तथा सशर्त अनुदान, समपुरक तथा विशेष अनुदान, राजश्व बाँडफाँड, आन्तरिक श्रोत समेतबाट नगरवासीको अपेक्षा अनुरुप कार्यक्रम तथा बजेट सहितको आर्थिक विधेयक र विनियोजन विधेयक नगरसभाको आगामी बैठक समक्ष पेश गरिने व्यहोरा नगरसभाका सदस्यज्यूहरुमा जानकारी गराउन चाहन्छु ।

अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट आम नगरवासीको माग र आवश्यकतालाई सम्बोधन गर्न र जीवनस्तर अभिबृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिएको छु । नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, नगर सल्लाहकार, सम्पूर्ण जनप्रतिनिधिहरु, सरकारी निकाय, सहकारी क्षेत्र, सामाजिक सङ्घ संस्था, विकास साझेदार, निजी क्षेत्र, समस्त सञ्चारकर्मी, नागरिक समाज, राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण नगरवासी प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद ।

सन्तोषलाल श्रेष्ठ
नगर प्रमुख
(उन्नाइसौं नगरसभा अध्यक्ष)
तानसेन नगरपालिका, पाल्पा